
# लेखापरीक्षण प्रतिवेदन

## मष्टा गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## मष्टा गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश

काठमाडौ

प.सं.:2082/83

मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/800

श्रीमान् अध्यक्षज्यू,

मष्टा गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, बझाङ।

**बिषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( थवराज अधिकारी )

नायब महालेखापरीक्षक

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/800

मिति : २०८३-१-२९

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्रीमान् अध्यक्षज्यू,
मष्टा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बझाङ ।

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तिय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आाय-व्ययतर्फ रू. १ अर्व २ करोड ६ लाख २९ हजारको लेखापरीक्षणबाट रु. ५७ लाख ५८ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू. ५ लाख ७७ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू ३ लाख ३६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १३ लाख ६४ हजार र अनियमित भएको रू. ३४ लाख ८२ हजार गरी जम्मा ५१ लाख ८१ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु. १४ करोड ३ लाख ५० हजार मध्ये रु. ८९ लाख ४९ हजार सम्परीक्षण भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु. १३ करोड ६५ लाख ८३ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

**बेरुजु वर्गीकरण**

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४६ | ३५ | ५७,५८,२२४ | ० | ७ | ५,७६,६५८ | ० | ४६ | २८ | ५१,८१,५६६ | ३,३५,५८२ | ३४,८२,२०६ | १३,६३,७७८ | ० | ० | ४८,४५,९८४ | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बझाङ | १४,०३,५०,१८० | ० | ८९,४८,६३५ | १३,१४,०१,५४५ | ० | ५१,८१,५६६ | १३,६५,८३,१११ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम रु. |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ५४ | फिल्ड भत्ता | ६२,१६० |
| २ | २०८१/८२ | ४० | प्रमाण बेगर भुक्तानी | २४,७५० |
| ३ | २०८१/८२ | ५८ | जिन्सी दाखिला गर्नुपर्ने | २,६९,६०५ |
| ४ | २०८१/८२ | ४१ | जिन्सी आम्दानी नबाधेको | २,०८,२४३ |
| ५ | २०८१/८२ | ३९ | गाडी भाडामा कर | ११,९०० |
| ६ | २०८०/८१ | ३० | स्थानीय भत्ता | ३,०६२ |
| ७ | २०८०/८१ | २५ | स्थानीय तहभित्र भ्रमण भत्ता | २४,३७५ |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ३४ | बहाल कर | २,३८० |
| ९ | २०८०/८१ | २३ | खरिद व्यवस्थापन | ४३,०९,७०६ |
| १० | २०८०/८१ | २४.५ | उपभोक्ता समितिबाट खरिद | ४६,०९,११२ |
| जम्मा | | | | ९५,२५,२९३ |

# मष्टा गाउँपालिका, बझाङ

# ( ८०७७०५०८३०० )

# मष्टा गाउँपालिका , बझाङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ । यस पालिकामा ७ वडारहेको छ भने क्षेत्रफल १०९.२४वर्ग किलोमिटर तथा १४९५१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।५।७ देखि २०८२ ।५। ११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ, राजस्वतर्फ, धरौटीतर्फ, आय-व्ययतर्फ, सम्पत्ति तथा दायित्व तर्फ समेत गरी जम्मा रु. १,०२,०६,२९,१९७।८९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छन् ।

२ **एकिकृत आर्थिक विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी, धरौटी, कार्यसञ्चालन कोष, अन्तरसरकारी अख्तियारी र स्थानीइ सरकारबाट सञ्चालन भएका आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक बर्ष २०८१।८२ को समग्र अवस्था निम्न बमोजिम रहेको छ

| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
|---|---|---|---|---|---|
| सुरु मौज्दात | | ११३२८८६०.०५ | चालु खर्च | | ३१२५६९७०१.६ |
| १.संचित कोष | ७१७१८५२.९४ | | १. पालिका तर्फ | १३०११२२२६.३४ | |
| २.धरौटी | ३०१८१६८.२४ | | २. संघीय सशर्त | १७०५३२९३५.३४ | |
| ३.कार्यसञ्चालन कोष | ११३८८३८.८७ | | ३. संघीय विशेष | ४१८३५२१ | |
| ४. अन्य कोष | 0 | | ४. प्रदेश सशर्त | २२४१०४९ | |
| यस वर्षको आय | | | ५. प्रदेश विशेष | ५४९९९७० | |
| १.आन्तरिक आय | २०७०११०.४६ | २०७०११०.४६ | पुँजीगत खर्च | | ८९६६९६६३ |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ३७४६०४८५४.८ | १. पालिका तर्फ | ४५०१२५९७ | |
| क) समानीकरण अनुदान | ८७१७२००० | | २. संघीय सशर्त | १७२२५१६९ | |
| ख) राजस्व बाँडफाँट | ७१९६५९०१.७६ | | ३. संघीय विशेष | ६३८६३५४ | |
| ग) सशर्त अनुदान | १९३५४१००० | | ४. संघीय समपुरक | ५०९१६२७ | |
| घ) समपुरक अनुदान | ५०९५९५३ | | ५. प्रदेश सशर्त | ९८९३०१६ | |
| ङ) विशेष अनुदान | १६८३०००० | | ६. प्रदेश विशेष | ० | |
| च) रोयल्टी | ० | | ७. प्रदेश समपुरक | ६०६०९०० | |
| छ) अन्य | ० | | अन्तर सरकारी अख्तियारी (संघ) | | ९०९२८३०२ |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | ३३५२९८३९.९५ | क) सामाजिक सुरक्षा | ७६२७७०२७.०१ | |
| क) समानीकरण अनुदान | ८४१९००० | | ख) उच्च पहाडि समृद्धि कार्यक्रम | ६४८०२८१ | |
| ख) राजस्व बाँडफाँट | १००६२१४.४५ | | ग) घरेलु तथा साना उद्योग | १२११९९४ | |
| ग) सशर्त अनुदान | १२४५०००० | | घ) प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | २४९७००० | |
| घ) समपुरक अनुदान | ६१५४६२५.५ | | ङ) स्वास्थ्य सुधार कार्यक्रमक्षेत्र | ३८८६००० | |
| ङ) विशेष अनुदान | ५५००००० | | च) विद्यालय क्षेत्र सुधार कार्यक्रम | ५७६००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| च) रोयल्टी | 0 | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | ० | |
| छ) अन्य | 0 | | ऋण फिर्ता(साँवा) | ० | |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | ९०९२८३०२.०१ | ऋणको ब्याज भुक्तानी | ० | |
| क) सामाजिक सुरक्षा | ७६२७७०२७.०१ | | धरौटी फिर्ता तथा सदर स्याहा | २१२९५७६ | २१२०५७६ |
| ख) उच्च पहाडि समृद्धि कार्यक्रम | ६४८०२८१ | | कार्यसञ्चालन कोषबाट भएको खर्च | ५४६९९२३ | ५४६९९२३ |
| ग) विद्यालय क्षेत्र सुधार कार्यक्रम | ५७६००० | | अन्य कोषबाट भएको खर्च | ० | |
| घ) स्वास्थ्य सुधार कार्यक्रमक्षेत्र | ३८८६००० | | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ० | |
| ङ) प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | २४९७००० | | अन्य सहयोगमा सञ्चालित योजना | ० | |
| च) घरेलु तथा साना उद्योग | १२११९९४ | | अन्य खर्च भएमा | ० | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | ० | | अनुदान फिर्ता | | |
| ६. ऋण/ वित्तीय व्यवस्था | ० | | १. संघ तर्फ | | १२०४७३४६.६६ |
| ७. धरौटी आय | १२८८६९५ | १२८८६९५ | क) सशर्त अनुदान | ५७८२८९२.६६ | |
| ८. कार्यसञ्चालन कोष आय | ४९८३१९३.३२ | ४९८३१९३.३२ | ख) विशेष अनुदान | ६२६०१२५ | |
| ९. अन्य कोषको आय | 0 | | ग) समपुरक अनुदान | ४३२९ | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | 0 | | २. प्रदेश तर्फ | | ४०९६९० |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | 0 | | क) सशर्त अनुदान | ३१५९३५ | |
| १२. अन्य आय भएमा | 0 | | ख) विशेष अनुदान | ३० | |
| छुट आम्दानी | 0 | | ग) समपुरक अनुदान | ९३७२५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्वास्थ्य पूर्वाधार | 0 | | अन्तिम मौज्दात | | ५५०९६५३.२ |
| | | | १. संचित कोषको मौज्दात | २६८०२५६.७७ | |
| | | | २. धरौटी | २१७७२८७.२४ | |
| | | | ३. कार्यसञ्चालनकोष | ६५२१०९.१९ | |
| | | | ४. अन्यकोष | ० | |
| जम्मा | ५१८७३३८५५.५५ | ५१८७३३८५५.५५ | जम्मा | ५१८७३३८५५.५५ | ५१८७३३८५५.५५ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।०८।२० मा संशोधन सहित नयाँ सार्वजनिक क्षेत्र लेखामान (NPSAS) पारित भएकोमा सो अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)सम्बन्धमा निम्नअनुसार देखिएको छ।

४ **वित्तीय विवरणको यथार्थता-**

पालिकाको वित्तिय विवरण देहाय बमोजिम रहेको छ ।

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु७६२७७०२७, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३८८६०००।, र अन्य रु.१०७६५२७५।समेत गरी रु.९०९२८३०२.०१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५ **फरक जिम्मेवारी-**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको सुत्रको २७० अनुसार रु.११०९३७४३.०५ गतवर्षको मौज्दात रहेकोमा यो वर्ष रु.११३२८८६०.०५ जिम्मेवारी सारेको छ । जस अनुसार प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२३५११७।बढि जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

६ **फरक हिसाब-**

यस पालिकालेसुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२३५११७। , यस वर्षको प्राप्ति रु.१०६५२९२७०.२७,यस वर्षको भुक्तानी रु. ११०९८४८३७.६७ र बैङ्क मौज्दात रु.१.२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७०ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ११०९३७४३.०५ | ३९७७४७७६७.८१ | ४०२२३९३६४.६८ | ५५०९६५२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ११३२८८६०.०५ | ५०४२७७०३८.०८ | ५१३२२४२०२.३५ | ५५०९६५३.२ |
| फरक | २३५११७ | १०६५२९२७०.२७ | ११०९८४८३७.६७ | १.२ |

७ **बैङ्क हिसाब विवरण-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तहसञ्चित कोष खाता | | २७४४१२१.०५ | |
| चालु खर्चखाता | | १००९४४२.५ | |
| पुँजीगत खर्चखाता | | १७३४६७८.५५ | |
| विविधखर्च खाता | ४६९३७७.६४ | ४६९३७७.६४ | |
| विपद व्यवस्थापन खाता | १८२७३१.५५ | १८२७३१.५५ | |
| स्थानीय विभाज्य कोष | ० | ० | |
| कर्मचारीकल्याणकोष खाता | ० | ० | |
| धरौटी | २१२९५७६ | २१२९५७६ | |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | |
| बैङ्क | | | |
| **जम्मा** | | | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

८ **बैङ्क हिसाब विवरण-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तहसञ्चित कोष खाता | २६८०२५६ | २७४४१२१.०५ | ६३८६५.०५ |
| विविधखर्च खाता | ४६९३७७.६४ | ४६९३७७.६४ | |
| विपद व्यवस्थापन खाता | १८२७३१.५५ | १८२७३१.५५ | |
| धरौटी | २१२९५७६ | २१२९५७६ | |
| जम्मा | | | ६३८६५.०५ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको पूर्ण परिपालनामा ध्यान दिनुपर्दछ ।

१० **बजेट सीमा निर्धारण समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३३०६४००० | २६६५४७४६ | ६.६४ |
| २ | पूर्वाधार विकास | ८१२२६००० | ६९४६९८०४ | १७.३१ |
| ३ | सामाजिक विकास | २१९३८८००० | १८६२२६३५३.७६ | ४६.४ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २९८३२००० | २९५१०५१२ | ७.३५ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ९८०४४७३५.०८ | ८९५०४९४८.४२ | २२.३ |
| **जम्मा** | | **४६१५५४७३५** | **४०१३६६३६४** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा मा सबैभन्दा बढी ४६।४ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ६.६४ प्रतिशत रहेको छ ।

१२ **लक्ष्य प्रगति-**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नु पर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन।बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ।

१३ **खर्च बिश्लेषण-**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२०७०११०।४६ राजस्व बाँडफाँड र अनुदानबाट रु.४०८१३४६९४.७ समेत रु.४१०२०४८०५।१६आम्दानी भएकोमा चालु तर्फ रु. ३१२५६९७०१।६८ र पूँजिगत तर्फ रु ८८७९६६६३ र वित्तीय ब्यबस्था

तर्फ रु.० समेत रु. ४०१३६६३६४।६८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।५१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६५४३५०० खर्च भएको छ जुन आन्तरिक आयको ३२१।३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४।६२ प्रतिशत चालु र २१।१५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १४ त्रैमासिक पूँजीगत खर्च-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहायबमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ८८७९६६६३ | ६९७४५० | ९०५२८७९ | ३७७०४५११ | ४१३४१८२३ | ३०९०१९१६ |
| प्रतिशत | १०० | ०।७८ | १०।२ | ४२।४६ | ४६।५६ | ३४।८ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.८९६६९६६६३ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु ६९७४५०।(०.७८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.९०५२८७९। (१०।२ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.३७७०४५११ (४२।४६ प्रतिशत) खर्च गरेको देखिएको छ।यसरी नै अषाढ महिनामा मात्र रु.३०९०१९१६। (३४।८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चापबढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## १५ आन्तरिक नियन्त्रण प्रणाली -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ अनुसार पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी आयोजना बैंक खडा गरेको देखिएन ।

· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी खर्च भएको जानेको अध्यावधिक गरेको पाईएन ।

· जिन्सी निरिक्षण प्रतिवेदनमा चालु हालतमा नरहेको, मर्मत गर्नु पर्ने तथा लिलाम गर्नुपर्ने भनी उल्लेख गरी एको जिन्सी सामग्रीहरुको कारवाही गरेको देखिएन ।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको देखिएन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

· पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।

· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा रु. ३ लाख भन्दा कमको योजनामा पालना भएको पाईएन ।

· पालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन भएको भनी अनुगमन भत्ता भुक्तानी भए तापनि अनुगमन निरिक्षणको क्रममा देखिएको व्यहोराहरु प्रतिवेदनमा खुलाउने गरेको पाईएन ।

· वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।

· व्यवसायीहरुको अभिलेख अद्यावधिक गरी करको दायरामा नल्याएको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१६ **बार्षिक खरिद योजना/गुरुयोजना** -

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.८,८७,९६,६६६। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१७ **आवधिक योजना**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

१८ **योजनाप्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.४.७ सँग सम्बन्धित अनुसूची ११ मा आयोजना प्राथमिकीकरणका आधारमा सामान्य आधार र क्षेत्रगत आधार उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १३५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ७२ | ४७ | ५ | २० |
| २. | वडास्तरीय | ६३ | ६० | ० | ३ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावीनहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१९ **आय अनुमान**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिकआय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमानित रु.२२ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.२०७०११०। ४६ अर्थात अनुमान भन्दा ५.९ प्रतिशत घटी आयप्राप्त गरेको छ।आम्दानीका अन्य स्रोत को समेत पहिचान गरी आयको अनुमान यर्थाथ परक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

२० **आन्तरिक आय-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिका मा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७४६०४८५४.८ | २०७०११०.४६ | ०.५५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.५५ प्रतिशत मात्रल रहेकोछ।त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२१ **राजश्व अभिलेख-**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेकोछ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन।अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन।कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्द छ।यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ।यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ।अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनु पर्ने देखियो ।

२२ **व्यवसाय कर-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै पनि शुल्क संकलन गरेको छैन। पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२३ **ठेक्का व्यवस्था -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.०४% देखि ५१% प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | ठाना मलारी समदेउ एक घर एक धारा खानेपानी तथा सरसफाई योजना | MRM-DWS-2081/82-01 | रकाल कन्ट्रक्सन | १२३१५३४५/- Without Vat & Ps | ६६६४८५२/- Without Vat & Ps | -४६% |
| २. | पनाछाल किनाडा सिचाई कुलो निर्माण | MRM-PICC-2081/82-02 | सि.आई.कन्ट्रक्सन | १६९४०५५०/- Without Vat & Ps | ८३८२२१७/- Without Vat & Ps | -५१% |
| ३. | तवोपन रिलु हुदै मालिका जोड्ने सडक निर्माण | MRM-ROD-2081/82-03 | भगवती निर्माण सेवा | ८६९४६८०/- Without Vat & Ps | ४६०९९५६/- Without Vat & Ps | -४७% |
| ४. | वडा कार्यालय भवन निर्माण योजना | MRM-WOB-2081/82-09 | सन्तोषि निर्माण सेवा | १२०६७२४७/- Without Vat & Ps | ६४४६०८०/- Without Vat & Ps | -४७% |
| ५. | गाउँपालिका प्रशासकिय भवन निर्माण योजना | MRM-ABC-2081/82-10 | ACE/Betal J.V. | ७७५०००६५/- With Vat & Ps | ५८११९९९७/- With Vat & Ps | -२५% |
| ६. | ढँडार मष्टा मन्दिर पद मार्ग निर्माण | MRM-MT-2081/82-11 | सन्तोषि निर्माण सेवा | ३३६८२७८/- Without Vat & Ps | ३१३२९५२/- Without Vat & Ps | -०.०७% |
| ७. | तपोवन मन्दिर निर्माण | MRM-TM-2081/82-12 | कुल देब निलखट्टि निर्माण सेवा | ३१९९४५०/- WithVat & Ps | ३०६४२४३/- With Vat & Ps | -०.०४% |
| ८. | Social Employment Program to reduce Malnutrition Child Marriage Chhaupadi Pratha Caste Discrimination and Violence against women from ward no-1 to 7 | MRM-CW-2081/82-13 | राजपाल निर्माण सेवा | ४५९६६०१/- Without Vat & Ps | २८०२८११/- Without Vat & Ps | -३९% |

२४ **ठेक्का अभिलेख-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२५ **परामर्स तथा डीपीआरखर्च** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरकोछ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| मष्टा गाउँपालिकाको सडक गुरुयोजना डि.पि.आर. | **आई.आर.डि. ईन्जिनियरिङ प्रा.ली.** | १००००००/- | १०००००/ | ०००००/- |
| जम्मा: | | **११०००००/** | **११०००००/** | |

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्चगरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

२६ **तथ्याङ्क स्रोत नक्साङ्कन-**

स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नु पर्ने तथा आफ्नो क्षेत्र भित्रको शैक्षिक, भौगोलिकअवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नु पर्ने व्यवस्था छ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्व पूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२७ **जिन्सी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२८ **जिन्सी निरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२९ **उपभोक्ता समितिको भुक्तानी-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको कार्यको भुक्तानी उपभोक्ता समितिलाई दिनुपर्ने व्यवस्था उल्लेख छ । यस पालिकाले यस बर्ष निम्न बमोजिमका कार्य गर्न उपभोक्ता समिति गठन गरेको र कार्य सम्पन्न पश्चात उपभोक्ता समितिलाई दिनुपर्ने भुक्तानी उपभोक्ता समितिको अध्यक्षको नाममा निकासा दिएको देखिन्छ । यस सम्बन्धमा सानो रकमको कार्यक्रम पनि उपभोक्ता समितिबाट गराउँदा बैंकमा खाता खोल्न र बन्द गर्न झन्झट हुने भएकाले उपभोक्ता समितिको अध्यक्षको खातामा

निकासा दिएको र उक्त रकमको सार्वजनिक सुनुवाई समेत गराएको कार्यालयको भनाई रहेको देखिन्छ । यसरी उपभोक्ता समितिको भुक्तानी ब्यक्तिलाई हुँदा नियमावलीको व्यवस्था पालना नहुने र उक्त रकम सम्बन्धित उपभोक्ता समितिले समेत नपाउने जोखिम हुने हुँनाले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ ।

| **उपभोक्ता समितको नाम** | **भुक्तानी पाउनेको नाम** | **भुक्तानी रकम रु** |
|---|---|---|
| लटौन कुटानी पिसानी घर निर्माण | कबिन्द्र बहादुर बोहरा | ४८००० |
| गैरा दलित आरन भवन मर्मत | झिल्के आग्री | ३३३०७ |
| गोरु तराउना काठे पुल निर्माण | तिखे बोहरा | ३३६०० |
| खेति ढुङ्गेधारा निर्माण | राजेन्द्र सेटी | ८२१०२ |
| धामी गाउँ महिला नुहाउने धारा शौचालय निर्माण | धन बहादुर धामी | ९६००० |
| सेरा मष्टा चौका निर्माण | अफिलाल बुढा | ९६००० |
| काडापानी दलित वस्ती क्रियाघर निर्माण | बसन्ती दमाई | ५५८०० |
| पानीखाल खानेपानी मर्मत | बसन्त बहादुर बोहरा | ५७५८६ |
| डाडाबागर मन्दिर निर्माण | सिद्धु खतिवडा | ३८४०० |
| ढोगदिना प्रतिक्षालय | इश्वर बहादुर जेठारा | ४९७५४ |
| तल्ला ठकुन्ना ढल निकास | लोकेश बहादुर बोहरा | ९४१२७ |
| बाठपाला मन्दिर निर्माण | डि.बि. कुमार बोहोरा | ९२६४६ |

३० **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २६ वटा सहकारी संस्था दर्ता रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)बाट विवरण दाखिला गरेको पाईएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ । पालिकाले तोकिए बमोजिम विवरण एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)दाखिला नगरेको र सहकारी संस्थाहरुको नियमित अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानुनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित अनुगमन गरिनुपर्दछ ।

३१ **सार्वजनिक परीक्षण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

३२ **फोहरमैला व्यवस्थापन-**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरे तापनि अस्पतालबाट उत्पादित फोहोरमैलाको

उपयुक्त व्यवस्थापन गरेको देखिएन । ल्याण्डफिल्ड साइड व्यवस्था गरी फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, लेखा अधिकृत,इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन् । रिक्त पदहरुमा आवश्यकताका र औचित्यका आधारमा पदपूर्ती व्यवस्थापन गर्नुपर्दछ ।

३४ **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट १०० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, १८ वटा नियमावली, ३०कार्यविधि लगायत ६३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । कार्यालयको लागि आवश्यक ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

३५ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु.४५००००।आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२०७०११०। को २१.७४ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

३६ **कृषि तथा पशु अनुदान कार्यक्रमः**

सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ ।पालिकाले कृषि पकेट कार्यक्रम, कृषि कार्यक्रममा तथा पशुसेवा कार्यक्रममा अनुदान दिई रु. ७७९८७६०। खर्च गरेको छ। तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन।तसर्थ पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई आवश्यकता अनुसार प्राविधिक मुल्यांकन गरेर मात्र भुक्तानी दिनु पर्दछ।

| क्र स | कार्यक्रम | फर्मको नाम | रकम |
|---|---|---|---|
| १ | स्याउ पकेट विकास कार्यक्रम | आर्गनिक कृषक समुह | ४०००००। |
| | | दिवोसबहुउद्धेश्ययी कृषि तथा पशुपंक्षी फर्म | १५००००। |
| | | भुगोलबहुउद्धेश्ययी कृषि तथा पशुपंक्षी फर्म | ४४५००० |
| २ | टिमुर बगैचा स्थापना | डेविट बुहुउद्धेश्ययी कृषि फर्म | २५००००। |
| | | समिक्षाबुहुउद्धेश्ययी कृषि फर्म | १५००००। |
| | | ए एण्ड के एसबुहुउद्धेश्ययी कृषि फर्म | १५००००। |
| ३ | कृषि औजार मर्मत तथा पसल स्थापना | सितल एण्ड विमल कृषि औजार मर्मत तथा पसल | १००००० |
| ४ | उन्नत बींउ वितरक तथा खाद्यान्न बालीकवो उन्नत बीँउ उपयोगमा प्रयोग | कालिका बहुउद्देश्यी सहकारी संस्था लिमिटेड | ३४०००० |
| ५ | जनतासंग अध्यक्ष कार्यक्रम | ८ वटा व्यक्ति तथा फर्म | ९६०००० |
| ६ | महिला बालवालिका तथा अपाङ्गसंग उपाध्यक्ष कार्यक्रम | ५ वटा व्यक्ति तथा फर्म | ८५०००० |
| ७ | संघिय शसर्त तर्फ बाख्रा स्रोत कार्यक्म तर्फ | ३ वटा फर्म | ३६०००० |
| ८ | हाते ट्याक्टर हस्तान्तरण (५० % अनुदान) | १५ वटा व्यक्ति तथा फर्म | ६५०००० |
| ९ | कृषिऔजार मर्मत तथा पसल स्थापना | सितलएण्ड विमल कृषि औजार मर्मत तथा पसल | १००००० |
| १० | रैथानेबालीबस्तु उत्पादन तथा प्रशोधनका लागि कुटानी पिसानी स्तरोन्नती | कालिकाराईस मिल | २००००० |
| ११ | कुटानीपिसानी निर्माण तथा मर्मत | २ वटा फर्म | ३२०००० |
| १२ | जनता सँग अध्यक्ष कार्यक्रम | ६ वटा फर्म | १५००००० |
| १३ | खाद्यान्नबालीको उन्नत बिउ उपयोगमा अनुदान (५० % अनुदान) | कालीकाबहुउधेश्यीय सहकारी संस्था | ८७३७६० |
| | | **जम्मा** | **७७९८७६०** |

३७ **कर तथा शुल्क असुली-**

स्थानीय सरकारसञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पती कर | ०.०० | २८१.०० | २८१ |
| भुमिकर/मालपोत | ३,००,००० | ३५,६७३.०० | ११.८९ |
| वहालकर | १,५०,००० | २,८५,१६६.४६ | १९०.११ |
| सवारीसाधन कर (साना सवारी) | ०.०० | ६३,०५०.०० | ६३०५० |
| व्यवसायलेभुक्तानी गर्ने | ०.०० | ५००.०० | ५०० |
| कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | ३२,६००.०० | ३२६०० |
| अन्यकर | २,००,००० | ८,२००.०० | ४.१ |
| अन्यसेवा शुल्क तथा बिक्री | ०.०० | २,५००.०० | २५०० |
| अन्यप्रशासनिक सेवा शुल्क | ५,००,००० | ७,१५,५००.०० | १४३.१ |
| सिफारिशदस्तुर | ७,००,००० | ४,९६,७५५.०० | ७०.९६५ |
| व्यक्तिगतघटना दर्ता दस्तुर | २,००,००० | १,२१,८००.०० | ६०.९ |
| नाताप्रमाणित दस्तुर | १,५०,००० | ७,२००.०० | ४.८ |
| अन्य दस्तुर | ०.०० | १८५.०० | १८५ |
| विद्युतसम्बन्धी दस्तुर | ०.०० | २००.०० | २०० |
| अन्यक्षेत्रको आय | ०.०० | २९१५००. | २९१५०० |
| अन्यराजस्व | ०.०० | ५०००. | ५००० |
| व्यवसायकर | ०.०० | ४०००. | ४००० |
| जम्मा | २२००००० | २०७०११०.४६ | ९४.०९६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३८ **बढी भुक्तानी** (८४२-2082-03-25):

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट ि गर्ने बिल ,भरपाई ,प्रमाण र कागजात समेत संलग्न हुनुपर्ने व्यवस्था छ।यस पालिकाले चालु खर्च शिर्षकबाट सामुदायिक वन व्यस्थापन ( क्षमता अभिवृद्धि र नविकरण ) वापत वडा न.२ बिल भुक्तानी रु.१३७१११हुनुपर्नेमा रु.१९७३०६भएकोमाबढी बिल भुक्तानी रु.६०१९५ सम्बन्धित व्यक्तिबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,१९५ |

३९ **गाडी भाडा कर**- (१४३-2081-09-01):

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४० **प्रमाण बेगर भुक्तानी**- (८३१-2082-03-25):

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **२४,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४१ **जिन्सी आम्दनी नबाधेको-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायत्व ऐन,२०७६ को दफा २८ (१)मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिन भित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ।यस पालिकाले निम्न कार्यक्रमका लागि भुक्तानी भएको रकमबाट निम्न सामाग्री खरिद गरेको देखिन्छ । खरिद भएका सामाग्रीहरु सम्बन्धित निकाय र पालिकाले दाखिला गरेको देखिदैन । कार्यालयमा दाखिला नगरेको र वितरण गरेको पनि नदेखिएकाले, उक्त सामान कार्यालयमा दाखिला हुनुपर्ने रु.

| **गो.भौ.र मिति** | **दाखिला गर्नुपर्ने कार्यालय** | **समानको नाम** | **रकम रु** |
|---|---|---|---|
| ३४५।२०८१।११।२४ | गाउपालिका | फाइबर, सिरक, बेड सिट, र तना आदि | ७६८०० |
| ३५७।२०८१।११।२८ | गाउपालिका | विभिन्न स्टेश्नरी | ३५५०० |
| ३७४।२०८१।१२।४ | रितुचौर मा बि किशोरी मैत्रि सूचना केन्द्र | ३१ इन्चको स्मार्ट टि भि,मल्टि पल्क आदि | २३३५७१ |
| ५६३।२०८२।२।१९ | शारदा मा बि किशोरी मैत्रि सूचना केन्द्र | विभिन्न समानहरु | १००००० |
| **जम्मा** | | | ४४५८७१ |

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **७६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१३२,२४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ४,४५,८७१ |
|---|---|

४२ **इन्धन खरिद**- (१५३-2082-03-25):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९।(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले निम्न बमोजिमको परिमाणमा इन्धन खरिद गरेको भनि स्मार्ट इनर्जि स्टेशन प्रा.लि. को २०८२।०३।०५ को बिल संलग्न गरी रु.६८३२५७।४५ उक्त फर्मलाई भुक्तानी दिएको देखिन्छ । यसरी आर्थिक बर्षको अन्त्यमा ठुलो परिमाणमा इन्धन खरिद गर्नुको कारण यकिन हुन सकेन साथै उक्त इन्धन पालिकामा दाखिला समेत भएको देखिदैन । दाखिला नभएको इन्धनको दुरुपयोग हुने जोखिम रहने हुनाले पालिकामा दाखिला गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ६,८३,२५७.४५ |
|---|---|

४३ **कार्य योजना स्वीकृत नगरेको -**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । यस पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्य योजना स्वीकृत नगरेको र वन पैदाबारको बिक्रीबाट प्राप्त हुने रकमको दश

प्रतिशत रकम पालिकामा जम्मा गरेको समेत पाइएन ।कार्य योजना स्वीकृत गराउने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यबस्था हुनुपर्दछ ।

४४ **असम्बन्धित कार्य -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ३(घ) अनुसार उपभोक्ता समितिको सम्झौताको सशर्तमा समप्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नु पर्ने व्यवस्था उल्लेख छ । यस पालिकाले यस बर्ष विभिन्न वडा कार्यालय तथा विद्यालय निर्माणको कार्यहरु उपभोक्ता समितिबाट गराएको देखिन्छ । उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नमिल्ने प्रकृतिका कार्यहरु समेत उपभोक्ता समिति मार्फत सम्पन्न गर्दा यस्ता कार्यालयहरु भविष्यमा उपभोक्ता समितिले सञ्चालन गर्न सक्ने देखिदैन । उपभोक्ता समितिको स्वामित्व नरहने, प्रतिस्पर्धा समितीत रहने र भविष्यमा मर्मत संभार लगायतका कार्य समेत उपभोक्ता समितीबाट हुन नसक्ने कार्य उपभोक्ता समितिबाट नगराई अधिक प्रतिस्पर्धा सुनिश्चित हुने गरी निर्माण व्यवसायीबाट सञ्चालन गराउनुपर्दछ । उपभोक्ता समितिबाट गराएको कार्य नियमसम्मत नभएको रु

| क्र.सं. | योजनाको नाम | भुक्तानी रकम रु |
|---|---|---|
| १ | ५ नं वडा कार्यालय फिल्ड निर्माण | २६१४२१ |
| | कोट देवल स्वास्थ्य चौकि भवन निर्माण | २२३४४५५ |
| जम्मा | | २४९५८७६ |

| | |
|---|---|
| अनियमित भएको | २४,९५,८७६ |

४५ **हेभी इक्विपमेण्ट को प्रयोग—**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमतिलिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ।पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरु ले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिक को सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन:

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| १५।२०८१।०९।०४ | सडक सरसफाई तथा स्तरोन्नती | सडक काट्ने | ५९०२२४४ | ब्रेकर र स्काभेटर | ६७६२४०३।८४ |

४६ **कार्यक्रम संञ्चालन -**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९.(७) मा कुनै तालिम, सेमिनार, गोष्ठी, कार्याशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्ने नियम ३९.(८) मा उपनियम(७) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संङ्ख्या र उपस्थितिसमेत समाबेश गरी प्रतिबेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यबस्था भए पनि सो अनुसार लागत अनुमान तयार गरी स्वीकृत गर्ने गरे पनि कार्यक्रम समाप्ति पश्चात प्रतिबेदन तयार गरी स्वीकृत गरेको पाइएन । यस्तो अबस्था गरिएको सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको बिश्वसनियता र प्रभाबकारीता न्युन हुन जाने हुँदा तोकिएको प्रकृया पुरा गरेर मात्र तालिम कार्यक्रम संचालन गर्नु गराउनु पर्दछ ।

४७ **म्याद थप-**

MRM-CW-2081.83-13 सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनुपर्नें कुरा उपलव्ध गराउन नसकेको वा अन्य मनासिव कारण परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तिमा ७ दिन अगावै निवेदन दिनुपर्ने व्यवस्था छ । यस पालिकामा Self-Empowerment Program to Reduce Malnutrition, Child Marriage, Chhaupadi System, Caste Discrimination and Violence Against Women From Ward no1-7 (Kitchen Construction, Health Post Maintenance Women Consulting Waiting Station, Waste Disposal Pits, Placenta Pit कार्य गर्नका लागि राजपाल निर्माण सेवा सेवा सँग रु. ३१,६७,३७५।३३ मा २०८२ असार २ मा २०८२।०३।२० सम्म सक्ने गरी सम्झौता गरेको छ । लेखापरीक्षण अविधि सम्म रु ७३३४७४। बराबरको कार्य भएको देखिन्छ। सम्झौता बमोजिमको अवधिमा कार्य सम्पन्न पनि नभएको र समपन्न गर्नुपर्ने म्याद समेत समाप्त भइ सकेको देखिन्छ। तोकिएको समयमा सम्पन्न हुन नसक्नुको कारण यकिन गरी कार्यालयबाट नियमावलीको व्यवस्था बमोजिम आवश्यक कार्य गर्नुपर्ने देखिन्छ ।

४८ **असम्बन्धित लार्ुइ भ्रमण** - (९५-2082-02-26):

भ्रमण खर्च नियमावलीको नियम १० (१) मा एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यलयबाट अर्को बीस किलोमिटर भन्दा बढी दुरीको अर्को कार्यलयमा सरुवा, बढुवा वा कायम मुकायम मुकरर भरई जाने पदाधिकारीले मात्र अर्को कार्यालयबाट भ्रमण खर्च पाउने उल्लेख छ । कार्यालयले तपसिलमा उल्लेख भएका अन्य कार्यालयका कर्मचारीलाई भ्रमण खर्च भुक्तानी गरेकोमा असम्बन्धितलाई दिएको भुक्तानी सम्बन्धित बाट असुल गरिनु पर्ने रु.

| भौ.नं./मिती | भ्रमण गर्ने व्यक्ति | रकम रु | आवद्धता |
|---|---|---|---|
| ९५।२०८२।०२।२६ | केशव राज उपाध्याय | ९५००। | नेपाल रेडक्रस सोसाइटि |
| | हिमाल धामी | ९५००। | पत्रकार |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,००० |

४९ **वडा सचिवलाई भुक्तानी-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा निर्माण कार्य खरिद गर्नुपर्दा अन्तराष्ट्रिय रुपमा खुला रुपमा बोलपत्र आह्वान गरी, राष्ट्रिय स्तरमा बोलपत्र आह्वान गरी, सिलबन्दि दरभाउपत्र आह्वान गरी, सोझै खरिद गरी, उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई र अमानत बाट गराउने लगायतका व्यवस्था उल्लेख छ। यस पालिकाबाट विभिन्न खानेपानी मर्मत तथा मुहार सम्भार कार्यमा निम्न उल्लेखित कर्मचारी तथा संस्थालाई सम्झौता नगरी निम्न रकम भुक्तानी दिएको देखिन्छ । यस पालिकाको उक्त वडामा प्राविधिक जनशक्ति नभएको र उक्त कार्यको लागत अनुमान समेत तयार नभएको देखिन्छ । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा खरिद सम्बन्धि विभिन्न व्यवस्था उल्लेख भए पनि सोझै वडा मार्फत यस्तो कार्य हुँदा कार्यको गुणस्तर र कार्यजिम्मेवारीमा समेत असर पर्ने देखिन्छ । यसरी प्रचलित ऐन तथा नियमावलीको व्यवस्था प्रतिकुल हुने गरी भए गरेका कार्य नियमसम्म मान्न नसकिने रु.५८२७४९।

| **भौ.नं./मिती** | **कार्य र वडा** | **भुक्तानी पाउने** | **रकम रु** |
|---|---|---|---|
| ९०।२०८२।०२।१८ | खानेपानी मर्मत तथा मुहान सम्भार | वडा सचिव वडा नं १ | १९०७४९ |
| १२१।२०८२।०३।२३ | खानेपानी मर्मत संभार ५ नं वडा | पूर्वार हार्डवेयर | १९२००० |
| १५९।२०८२।०३।३० | वडाभरी खानेपानी मर्मत संभार | वडा सचिव वडा नं ४ | २००००० |
| जम्मा | | | ५८२७४९ |

| | |
|---|---|
| अनियमित भएको | ५,८२,७४९ |

५० **बढि भुक्तानी**- (६२-2082-03-24):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वडा नं मा सडक निर्माण गर्न राजपाल निर्माण सेवालाई सुख्खा ढुङ्गाको गारो लगाउने कार्यको लागि ५९।०५ घनमिटरको प्रति घनमिटरको रु.१४५३८।५५का ८५८५०१।३७ (मुअकर वाहेक) भुक्तानी दिनु पर्नेमा प्रति घनमिटरको रु.१४८३५।२६ का ८७६०२२।१० भुक्तानी दिएकोले बढी भुक्तानी रु.१९७९७ असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,७९७ |

५१ **फरक नर्मसको प्रयोग -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्मस र प्रचलित जिल्ला दर रेटको आधारमा तयार गर्नुपर्ने छ । कार्यालयले सडक पूर्वाधार कार्यको निर्माण कार्य गर्दा २०७५ मा सडक विभागबाट जारी भएको सडक तथा पुल निर्माण सम्बन्धी नर्मस प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्नेमा भवन निर्माणको नर्मश प्रयोग गरी निम्न योजनाहरुको लागत अनुमान तयार गरेको र लागत अनुमानमा नै समावेश दर रेट अनुसार भुक्तानी दिएको छ । पालिकाले सडक विभागबाट तोकिएको नर्मस भन्दा फरक नर्मस प्रयोग गर्दा निम्न योजनाहरुमा रु.६१८४०३। रकमको फरक पर्ने देखिन्छ । फरक नर्मसको प्रयोग गरी भुक्तानी भएको रकम नियमसम्मत नभएको रु.

| भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कार्य | कार्य परिमाण (घ.मी.) | नर्मस अनुसारको दर | भुक्तानी दर | फरक रकम रु |
|---|---|---|---|---|---|---|
| **४५**।२०८१।१२।११ | चनवाडा भाडी काट्ने वस्ती सुधार उ.स. | P.C.C.1:3:6 | ७.६१ | १०४४१.४ | १५२४१.३५ | ३१०४८ |
| **४६**।२०८१।१२।१३ | ठाना शाही टोल वस्ति सुधार उ.स. | P.C.C.1:3:6 | ७.६९९ | १०३१९.०५ | १५१२५.४५ | ३१४५३ |
| **४७**।२०८१।१२।१३ | खिकाली वस्ती सुधार उ.स. | (Dry Stone Masonry) | ८.२५ | ३९७१ | ४७२२ | ५२६६ |
| | | P.C.C.1:3:6 | ६.७ | १३२०७.२८ | १८७०९.२५ | ३१३३३ |
| **४८**।२०८१।१२।१३ | गान्जि ग्राविल बाटो निर्माण उ.स. | P.C.C.1:3:6 | ३.९५ | ११५००.११ | १६३३४.२५ | १६२३० |
| | | Dry Stone Masonry | ५.४३७५ | ४१४३.६५ | ४६५६.१ | २३६८ |
| **५४**।२०८१।१२।१४ | धुरिल्ला बस्ती सुधार उ.स. | P.C.C.1:3:6 | ५.१६ | १०९६०.११ | १५८००.२५ | २१२२८ |
| | | Dry Stone Masonry | ४.७२५ | ४१०९.१५ | ४६२३.१ | २०६४ |
| **५९**।२०८१।१२।२० | बाहुन गाउँ वस्ती सुधार उ.स. | P.C.C.1:3:6 | १२ | १०६७३.७९ | १५५१०.३५ | ४७०९२ |
| **६०**।२०८१।१२।२० | राउवाडा ढल निकास उ.स. | P.C.C.1:3:6 | १०.८२ | १०४५३.९१ | १५२५८.९५ | ४४१९२ |
| **७४**।२०८२।०१।०४ | लेकी वस्ती सुधार उ.स. | P.C.C.1:3:6 | ७.७७ | १००२३.७५ | १४८२३.२५ | ३१६९८ |
| **७७**।२०८२।०१।१५ | भाते खोला वस्ती सुधार उ.स. | P.C.C.1:3:6 | ६.३५ | १२१८०.२८ | १५३८२ | १७२८१ |
| | | Dry Stone Masonry | १४ | ४६१० | ५४२४ | ९६८६ |
| **९२**।२०८२।०२।२६ | सम्देउ वस्ती निर्माण उ.स. | P.C.C.1:3:6 | ४.०५ | ९९६०.४४२ | १४५२१ | १५७०० |
| **९९**।२०८२।०३।०४ | वडा नं ५ वस्ती सुधार उ.स. | P.C.C.1:3:6 | ३८.१ | १२३७०.०३ | १५३६३.४७ | ९६९४२ |
| **जम्मा** | | | | | | **४०३५८१।** |

| | |
|---|---|
| अनियमित भएको | ४,०३,५८१ |

५२ **भर्ना अभियान-** (३०७-2082-03-19):

मष्टा गाँउपालिकाका सातवटै वडामा मिति २०८२।१।१९ देखि २६ सम्म भर्ना अभियान सञ्चालन गरिएको र सो भर्ना अभियानमा खटिएका पदाधिकारि तथा कर्मचारीलाई भ्रमण खर्च नियमावली अनुसार भ्रमण भत्ता र दैनिक भ्रमण भत्ता भुक्तानी गरेको प्रमाण संलग्न गरेतापनि सोही अभियानमा प्रयोग गरेवापत दैनिक रु.१००००। दरले भुक्तानी गर्ने गरी सम्झौता गरी १० प्रतिशतका दरले कर कट्टा गरी ७ दिनको जम्मा रु.६३०००। भुक्तानी गर्ने सम्झौता गरेको देखिएको र खर्च पुष्टाई गर्ने कागजातमा सो समेत समावेश गरी श्री पृथुराज जोशीलाई भुक्तानी भएकोले यसरी दोहोरो भुक्तानी भएको यातायात वापतको रकमका सम्बन्धमा पालिका स्वयमले एकिन गरी सम्बन्धित भुक्तानी लिने व्यक्तिबाट असुल गर्नुपर्दछ ।

५३ **बढी तलब निकासा-**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस पालिकाका मालिका आ बि का शिक्षक पशुराम धामी २०८१।८।७ मा राजिनामा स्विकृत गरी गएकोमा विद्यालयमा २०८१।८।८ देखि २०८१।८।३० सम्मको तलब निकासा गएकोले उक्त तलब भत्ता असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,५३२ |

५४ **फिल्ड भत्ता**- (३६६-2082-03-25):

प्रत्यक्ष रुपमा फिल्डमा खटिने स्वास्थ्य संस्थाका कर्मचारी तथा स्वास्थ्य स्वयमससेविकाहरुले फिल्डमा खटिए वापत भुक्तानी पाउने फिल्ड भत्ताको रकम सम्बन्धित कर्मचारीहरुले पाउनु पर्दछ । पालिकाको स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरु कुनै कार्यक्रम अनुगमन तथा अभियानमा संलग्न हुँदा पालिकाबाट वा सम्बन्धित कार्यक्रम शीर्षकबाट नै दैनिक भ्रमण भत्ता भुक्तानी लिएको देखिन्छ । गो भौ नं ३६६।३।२५ बाट स्वास्थ्य तर्फका बर्षभरि फिल्डमा खटिने कर्मचारीहरुलाई फिल्ड भत्ता भुक्तानी गर्दा स्वास्थ्य शाखामा कार्यरत कर्मचारी देवीचन्द्र थापाले प्रतिमहिना २५९० का दरले १२ महिनाको फिल्डभत्ता वापत रु ३१०८० भुक्तानी लिएको देखिन्छ यसरी दैनिक भ्रमण भत्ता र फिल्ड भत्ता दोहोरो पर्ने गरी लिएको रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **३१,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **३१,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,०८० |

५५ **बढी ग्रेड भुक्तानी**-

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । शिक्षक किताकखानाबाट शिक्षकहरुको तलब र ग्रेड पारित गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ।शिक्षकहरुको किताबखानाको ग्रेड अनुसार निम्न अनुसार शिक्षकहरुको बढी ग्रेड भुक्तानी भएको असुल हुनुपर्ने **रु.**

| शिक्षक नाम | बिधालय | ग्रेड पारित | भुक्तानी | बढी भुक्तनी | जम्मा असुल हुनुपर्ने |
|---|---|---|---|---|---|
| गगन बहादुर कठायत | कुलमोष्टन मा बि | ९१०४ | ९२६४ | १६० | २२८८ |
| भिम बहादुर रोकाय | रिलेचौर मा बि | ४३८८ | ५४८५ | १०९७ | १५६८७ |
| रुपा खड्का | मष्टा आ वि | ४३८८ | ५४८५ | १०९७ | १५६८७ |
| करण धामी | मष्टा आ वि | ३२९१ | ४३८८ | १०९७ | १५६८७ |
| पारस मनि जोशी | कुल मष्टाचन माबि | २२९१ | ४३८८ | १०९७ | १५६८७ |
| निरज थापा | रिलुचौर मा बि | | १०९७ | १०९७ | १२३९६ |
| मदन बहादुर खड्का | सुर्मा आ बि | | १०९७ | १०९७ | १२३९६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८९,८२८ |

५६ **सहभागी यातायात खर्च**-

कार्यसंचालन निर्देशिका,२०८१ को अनुसूची ११ को ५ मा सहभागीको आतेजाते यातायात खर्चको सम्बन्धमा सार्वजनिक यातायात चल्ने स्थानमा बसबापतको न्युनतम भाडा पाउने र सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी २ दिनसम्मको लागि एकमुस्ट

रु.२००। र सो भन्दा बढी जतिसुकै दिन भएपनि रु.५००। एकमुस्टपाउने व्यबस्था उल्लेख छ ।कार्यालयले विभिन्न कार्यक्रम संचालनमा सहभागीको यातायातखर्च कार्यक्रम अवधिको दैनिक रुपमा कार्यक्रम पिच्छे फरक फरक दरमा भुक्तानी गरेकोदेखियो।कार्यक्रम अवधिमा एकचोटी मात्र तोकिएको दरमा खर्च भुक्तानी गर्नु पर्नेमानिर्देशिका विपरित १००० भुक्तानी भएको रकम मितव्ययि देखिएन।

५७ **आमा सुरक्षा कार्यक्रम-** (३३०-2082-03-23):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय सञ्चितकोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । आमा सुरक्षा कार्यक्रम वापत श्री गोरखबहादुर जेठाराले रु.१००००० पेश्की लिएकोमा पेश्की फछ्यौट गर्दा ६९३०० बराबरको बिल भरपाई संलग्न गरी मिति २०८२।३।२३ मा पालिकाको आन्तरिक खातामा रु.२९३७२ र बाँकी रकम रु.१३२८ पेश्की लिने व्यक्तिसंग नै रहेको हुँदा पालिकामा दाखिला भएको रकम र पेश्की लिने व्यक्ति संग भएको जम्मा रकम रु.३०७०० संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,७०० |

५८ **दाखिला-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **२६९,६०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५९ **कर बाहेकको रकम-** (७०-2081-11-08):

स्वास्थ्य क्षेत्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ स्वास्थ्य तर्फका जुनसुकै अभिमुखिकरण कार्यक्रममा सम्बन्धित सरोकारवाला पक्ष र पालिकामा भरिको स्वास्थ्य संस्थाको प्रतिनिधित्व गराई कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यस्था रहेको छ । पालिकामा मिति २०८१ माघ ९ गतेका दिन पालिकास्तरिय खोप समन्वय समितिका सदस्यहरु तथा किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर गराउने human papillomavirus विरुद्धको एच पि भि खोप अभियान संगै नियमित खोप अभियान सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रममा सम्बन्धित व्यक्ति तथा सरोकारवाला पक्षलाई समावेश गराई पालिकाका सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेमा अरु कसैलाई सहभागि नगराई पालिकामा कार्यरत ३९ जना कर्मचारीमात्र समावेश गरी कार्यक्रम सञ्चालन गरी भत्ता वितरण गरेको प्रमाण संलग्न गरी स्वास्थ्य संस्था प्रमुख श्री देवी चन्द्र थापालाई भुक्तानी दिएकोले कार्यक्रममा भत्ता वितरण गरेको रु. ३३१५०। रकम कार्यक्रम सञ्चालन गर्ने सम्बन्धीत कर्मचारीबाट कर बाहेकको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,१५० |

६० **संघिय संचितकोष फिर्ता-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय सञ्चितकोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । संघिय शसर्तका निम्नानुसारको कार्यक्रम शीर्षकबाट अर्को शीर्षकमा भुक्तानी भएको रकम रु.८८९८९२ संघिय संचित कोष दाखिला गर्नुपर्ने रु.२०३९५०।

| गो भौ नं र मिति | खर्च शीर्षक | भुक्तानी भएको शीर्षक | |
|---|---|---|---|
| ३६५।३।२५ | दिवा खाजा | अतिथि सत्कारमा प्रयोग भएका सवारीको भुक्तानी | १३५००० |
| ३६८।३।२५ | पाठ्यपुस्तक | विद्यालय व्यवस्थापन | ६८९५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०३,९५० |

६१ **प्रविधि हस्तान्तरणमा लागत सहभागिता-**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७मा समुदायमा उद्यमी विकास गर्ने उद्देश्यले प्रविधि हस्तान्तरण गर्न सक्ने व्यवस्था रहेको छ,उक्तप्रविधि हस्तान्तरण कार्यमा लाभग्रहीले कुल मुल्यको २० प्रतिशत बराबर को रकम मा सहभागिता गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले यस बर्ष गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रममा सम्भाव्य उत्पादनको उत्पादकत्व र प्रतिस्पर्धा वृद्धि गर्न प्रविधि हस्तान्तरण वापत १ जना लाई रु.९५००० बराबरको काठ काटने मेसिन सेट र १ फर्मलाई रु.८५००० को कुटानी पिसानी गर्ने विद्युतीय मोटर वितरण गरेकोमा लाभग्राहीको हिस्सा कार्यविधि मा उल्लेख गरे बमोजिम लाभग्राहीको हिस्सा वापत २० प्रतिशत बराबरले हुन आउने रकम रु.३६००० असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,००० |

६२ **गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) -**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष ७ दिने होमस्टे सिपमूलक तालिम सञ्चालन गरी रकम रु.५८५१६३ रकम खर्च गरेको देखिएको छ तर उत्पादित सामान वा वस्तुहरु विक्रि गरी राजस्व दाखिला गर्ने तथा विक्रि नभएका सामान तथा वस्तु स्टोर दाखिला गर्ने गरेको नदेखिएकोले पालिकाको यस तर्फ ध्यान जानु पर्दछ।

६३ **शिक्षक विद्यार्थी अनुपात -**

शिक्षा विभाग शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ मा गरिएको व्यवस्था अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त २०८० चैत्रको विवरण अनुसार पालिका अन्तरगतका विद्यालयको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| विद्यालयको संख्या | विद्यार्थी सङ्ख्या | शिक्षक सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|
| ३४ | ५१२१ | १६९ | १:३०.३० |

पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत रहेका ३४ वटा विद्यालयमा १६९ जना शिक्षक र ५१२१ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:३०.३० रहेको छ । कार्यक्रम कार्यान्वियन पुस्तिका बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ ।

६४ **सहायक प्रशिक्षक -**

अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ मा कुनै पनि तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित कार्यक्रममा सहायक प्रशिक्षकको कुनै व्यवस्था गरेको छैन। पालिकाले आफ्नो कार्यक्रममा सहायक प्रशिक्षक को व्यवस्था गरी प्रति कक्षा १२०० का दरले भुक्तानी गरेको देखियो जसले गर्दा पालिकालाई बढी व्यय भार पर्ने देखियो यस्ता खर्च कटौति गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । केहि उदारणहरु निम्न अनुसार छन्

| गो.भौ.नं. र मिति | कार्यक्रम | सहायक प्रशिक्षक नाम | कक्षा संख्या | रकम |
|---|---|---|---|---|
| १८९।२।१४ | किसान सूचीकरण र कृषि पशुपक्षीं तथा मत्स्य तथ्याँक अद्यावधिक सम्बन्धी १ दिने अभिमुखिकरण तालिम | शंकरबहादुर कामि | २ | २४०० |
| २१८।२।२६ | EMIS सम्बन्धी अभिमुखिकरण तालिम | विश्व प्रकाश कोइराला | २ | २४०० |
| ३७६।३।३२ | सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको बालवालिकाहरुको दुई दिने अपाङ्गता पहिचान तालिम | विश्व प्रकाश कोइराला | २ | २४०० |

## ६५ प्रधानमन्त्री रोजगार कार्यक्रम-

६५.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका , २०७५ को दफा २ ( १) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर , सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार , कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा , कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजना छनौट भएको छ । साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक , नाला , निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष वडा नं १ देखि ७ का १९ वटा कार्यक्रम सञ्चालन गरी रु.५३५६६९२। खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला , प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । दिर्घकालिन रोजगारी सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

६५.२ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन कार्यविधि),२०७९को परिच्छेद ५ नियम २९(१) मा लाभग्राहीलाई ज्यालाको भुक्तानी अनिवार्य रुपमा बैक खाता मार्फत गर्नु पर्ने व्यवस्था रहेको छ ।यदि २९(२) अनुसार बैकिङ्ग सेवा उपलब्ध नभएको वा पहुँच योग्य नभएको वा अन्य विशेष अवस्था सिर्जना भएको अवस्थामा रोजगार उपभोक्ता समितिको खातामा ज्याला वापतको रकम उपलब्ध गराउने र तोकिएका शर्तहरु पुरा गरि लाभग्राहीहरुलाई नगद रक वितरण गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाको सञ्चालित रोजगारका कार्यक्रमहरु भुक्तानी गर्दा अधिँकाश आयोजना हरुको रकम रोजगार उपभोक्ता समितिको खातामा उपलब्ध गराएको छ साथै कार्यविधिमा तोके अनुरुपका शर्त पनि पुरा गरेको नदेखिएकोले सम्बन्धित लाभग्राहीले ज्याला वापतको रकम प्राप्त गरे वा गरेनन सोको एकिन गरि आगामि दिनमा लाभग्राहीकै खातामा ज्याला रकम उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मष्टा गाउँपालिका, बझाङ , मष्टा गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ramesh kumar khadka | २०८१-४-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Gagan Bahadur Gurdhami | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४३४,३९२ | ३,४८२,२०६ | १,८४१,६२६.४५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५,७५८,२२४.४५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ५७६,६५८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५,१८१,५६६.४५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ११३२८८६०.०५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०२६३८९५३ | चालु खर्च | ३१२५६९७०१.७ |
| प्रदेश सरकारबाट अनुदान | ३२५२३६२५.५ | पूँजीगत खर्च | ८९६६९६६३ |
| राजश्व बाँडफाँट | ७२९७२११६.२१ | वित्तीय/अन्य व्यवस्था | ११०९८४८३७.६७ |
| आन्तरिक आय | २०७०११०.४६ | | |
| अन्य आय | ९७२००१९०.३५ | | |
| कुल आय | ५०७४०४९९५.५२ | कुल खर्च | ५१३२२४२०२.३७ |
| बाँकी मौज्दात | | ५५०९६५३.२ | |

## अनुसूची - २

## बेरूजु दफा ४ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| 11000 | कर | | ७,३०,०५,६६६.७० | 0 | ७,३०,०५,६६६.७० | ६,६९,९२,५९६.४७ | 0 | ६,६९,९२,५९६.४७ |
| 13000 | अनुदान | | ३२,२७,०५,५४१.३४ | 0 | ३२,२७,०५,५४१.३४ | ३३,४३,३७,६२४.०८ | 0 | ३३,४३,३७,६२४.०८ |
| 14000 | अन्य राजस्व | | २०,३६,५५९.७७ | 0 | २०,३६,५५९.७७ | १०,६९,८७९.४८ | 0 | १०,६९,८७९.४८ |
| क | कुल जम्मा प्राप्ति | | ३९,७७,४७,७६७.८१ | | ३९,७७,४७,७६७.८१ | ४०,२४,००,१००.०३ | | ४०,२४,००,१००.०३ |
| 3 | चालु | | ३१,२५,६९,७०१.६८ | 0 | ३१,२५,६९,७०१.६८ | २९,३७,३३,८४४.८३ | 0 | २९,३७,३३,८४४.८३ |
| 21000 | पारिश्रमिक / सुविधा | | १७,५९,९७,२९९.८० | 0 | १७,५९,९७,२९९.८० | १६,०८,३९,३९८.६५ | 0 | १६,०८,३९,३९८.६५ |
| 22000 | मालसामान तथा सेवाको उपयोग | | ११,५४,४४,३९६.८८ | 0 | ११,५४,४४,३९६.८८ | ११,६६,६६,२५४.२० | 0 | ११,६६,६६,२५४.२० |
| 24000 | ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | | 47,779.00 | 0 | 47,779.00 | 0 | 0 | 0 |
| 25000 | सहायता (Subsidy) | | ९२,४२,६३८.०० | 0 | ९२,४२,६३८.०० | १,०३,१५,७९६.९८ | 0 | १,०३,१५,७९६.९८ |
| 27000 | सामाजिक सुरक्षा | | ८८,७७,६६८.०० | 0 | ८८,७७,६६८.०० | ४०,८४,५४५.०० | 0 | ४०,८४,५४५.०० |
| 28000 | अन्य खर्च | | २९,५९,९२०.०० | 0 | २९,५९,९२०.०० | १८,२७,८५०.०० | 0 | १८,२७,८५०.०० |
| 4 | पूंजीगत | | ८,९६,६९,६६३.०० | 0 | ८,९६,६९,६६३.०० | १०,५६,६२,४३६.०० | 0 | १०,५६,६२,४३६.०० |
| 31110 | भवन तथा संरचना | | ११,००,०००.०० | 0 | ११,००,०००.०० | ३२,७९,९२५.०० | 0 | ३२,७९,९२५.०० |
| 31120 | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | २३,५९,९४०.०० | 0 | २३,५९,९४०.०० | ४१,९४,७७६.०० | 0 | ४१,९४,७७६.०० |
| 31130 | अन्य पूँजीगत खर्च | | 0 | 0 | 0 | १९,९९,९२२.०० | 0 | १९,९९,९२२.०० |
| 31150 | सार्वजनिक निर्माण | | ७,३९,७१,४५१.०० | 0 | ७,३९,७१,४५१.०० | ८,७३,४८,७९४.०० | 0 | ८,७३,४८,७९४.०० |
| 31160 | निर्मितसरचनाको सुधार खर्च | | १,२२,३८,२७२.०० | 0 | १,२२,३८,२७२.०० | ८८,३९,०१९.०० | 0 | ८८,३९,०१९.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख) | कुल जम्मा भुक्तानी | | ४०,२२,३९,३६४.६८ | | ४०,२२,३९,३६४.६८ | ३९,९३,९६,२८०.८३ | | ३९,९३,९६,२८०.८३ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (४४,९१,५९६.८७) | | (४४,९१,५९६.८७) | ३०,०३,८१९.२० | | ३०,०३,८१९.२० |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | (१३,२७,६१०.६८) | | (१३,२७,६१०.६८) | ४,६२,१६१.९७ | | ४,६२,१६१.९७ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | (१,८३,९८१.५६) | | (१,८३,९८१.५६) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (५८,१९,२०७.५५) | | (५८,१९,२०७.५५) | ३४,६५,९८१.१७ | | ३४,६५,९८१.१७ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १,१३,२८,८६०.०५ | | १,१३,२८,८६०.०५ | ७६,२७,७६१.८८ | | ७६,२७,७६१.८८ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ५५,०९,६५२.५० | | ५५,०९,६५२.५० | १,१०,९३,७४३.०५ | | १,१०,९३,७४३.० |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।